१६ औं वार्षिकोत्सव

प्रतिदिन
राष्ट्रिय दैनिक
PRATIDIN NATIONAL DAILY



विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१६ ।। अङ्क : ३११ ॥ २०८१ पुष १७ गते बुधबार (1st Jan 2025 Wednesday) **Pratidin** National Daily मूल्य-रु.५/-

# लोक धुन बचाइरहेका गन्धर्व कठिनाइको सामना गर्दै

द्रोण अधिकारी

भद्रपुर । कला छ, गला छ । तर, जीवन चलाउन निकै मुश्किल परिस्थितिको सामना गर्नु पर्ने बाध्यता पहाड भएर सधैं खडा छ । पूर्वी दक्षिणी झापाको कचनकवलका गन्धवहरू पूर्वका गाउँ,बस्ती, शहरदेखि भारतका नेपालीभाषी समुदाय भएका ठाउँसम्म जीवन चलाउन कला र गला भजाइरहेका भेटिन्छन् । तर, पनि उनीहरूको जीवनशैली समयानुकूल परिवर्तन हुन सकिरहेको छैन ।

सारङ्गी बजाएर गाउँ ,बस्ती तथा शहर बजारमा घुम्नु र त्यहीँबाट संकलित पैसा र चामलले जीवनको गति बढाउन पुस्तौंदेखिको पेशा बनाएका कचनकवलका गन्धर्व परिवार नेपाली लोक धुन भने पुस्तौंदेखि बचाइरहेका छन् ।

केही समय अगाडि सार्वजनिक भएको पूर्णबहादुरको सारङ्गी चलचित्रले आफ्नो कथा उठाएको सुनेर चलचित्र हलमा आएर हेर्दा भ्रम मात्र राखिएको गन्धर्वहरू सुनाउँछन् ।

नेपालकै होचो स्थानको पहिचान बनाएको कचनकवल वडा नम्वर २ मा रहेका ४७ घर परिवारका गन्धर्व पुरूषहरू सारङ्गी बोकेर लोक धुन सुनाउँदै आयआर्जनको बाटोमार्फत नेपाली मौलिक पहिचानसमेत बचाइरहेका छन् ।

पुस्तौंदेखि उनीहरू सारङ्गी रेट्दै गाउँटोल घुमेर जीविका चलाइरहेका छन् । उनीहरूले बजाएको सारङ्गीको सुरिलो धुन सुनेर धेरैले मनोरन्जन लिन्छन् भने कतिले थोरबहुत सहयोग पनि गर्छन् ।तर पनि, संगीतसर्जक समेत मानिने गन्धर्वहरूको अवस्था भने आर्थिक रूपमा दयनीय छ ।

जातीय पेशाको रुपमा रहेको सारङ्गी बजाउने कामलाई अझै पनि धेरैले निरन्तरता दिइरहेका छन् । सारङ्गी बजाउँदै भेटिएका कृष्ण गन्धर्वले भने 'हाम्रो आर्थिक, सामाजिक र शैक्षिक अवस्था अहिले पनि निकै कमजोर छ । सरकारी पक्षबाट खासै उत्थानका काम भएका छैनन् । यसैकारण



पनि जीविकोपार्जनका लागि सारङ्गी बजाउन विभिन्न ठाउँ घुम्नै पर्छ ।

नेपाल र भारतका विभिन्न गाउँ शहरसम्म पुगेर उनीहरू सारङ्गीको मिठो धुन सुनाउँछन् । गन्धर्व गाउँबाट तीन पुस्तादेखि गन्धर्वहरू सारङ्गी रेट्दै हिडिरहेको बताउँछन् । तर, आर्थिक रूपमा हजुरबुबा पुस्तामा जस्तो अवस्था थियो, नाति पुस्तामा आइपुग्दा पनि अवस्था उस्तै नै रहेको उनीहरूको भनाइ छ । 'समय फरियो होला तर, हाम्रो अवस्था जस्ताको त्यस्तै छ' कृष्णले भने, 'पहिला हाम्रा बावु, बाजेको भन्दा केही फरक जस्तो देखिए पनि आर्थिक हैंसियत र सामाजिक हालत पनि उस्तै छ ।'

गन्धर्वहरू नेपालवाहिर जहाँजहाँ नेपालीहरूको बसोवास छ, त्यहाँ पुग्ने गरेका छन् । उनीहरूका अनुसार नेपालतिर भन्दा भारततिर सारङ्गीको धुनसित गीत वढी मन पराउने छन् । त्यसकारण कमाई पनि राम्रो हुने हुँदा धेरैजसो भारततिर गीत गाउन र सारङ्गी बजाउन जाने व्यक्ति बढ्न थालेका छन् । पछिल्लो समय नेपालका विभिन्न शहर हरूमा मेला र महोत्सवमा सारङ्गीले महत्व पाउन थालेपछि त्यस्तो समयमा नेपालमा पनि कमाइ राम्रै हुने अनुभव उनीहरूसंग छ । तराईमा बसिरहेको भए पनि पहाडे दलित समुदायमा पर्ने गन्धर्व समुदायलाई 'गाइने' उपनामले चिन्ने गरिन्छ । तर, गाइने शब्द उनीहरूलाई मन पर्दैन । होच्याउनेहरूले गाइने भनेको उनीहरूको बुझाइ छ । कम जनसंख्या भए पनि सरकारले लोपोन्मुख जातिमा नराखेकोमा दुःख छ । गन्धर्वहरूको उद्गमथलो पश्चिम नेपालको कास्कीको बाटुलेचौर मानिन्छ । तर यो समुदाय पूर्वको झापादेखि सुदूरपश्चिमसम्म छरिएर बसेको उनीहरू बताउँछन् ।

झापामा २०२७ सालदेखि जंगल फाँडेर गन्धर्वहरूले स्थायी बसोबास सुरू गरेको उनीहरूको भनाइ छ । झापा अहिले जस्तो थिएन । सवै जंगलले ढाकेको थियो । औलोको महामारी थियो । त्यो बेला झोडा फाँडेर बसोवास गर्नेहरू बहादुर ठानिन्थे । त्यही कठिन समयसंग लड्दै गन्धर्व जातिले पूर्वी दक्षिणी झापामा बस्न थालेको स्थानीय बासिन्दा बताउँछन् ।

यिनीहरूको पेशा भनेकै सारङ्गी बजाउनु हो । सारङ्गीवाटै धेरैको गुजारा चलेको छ । उनीहरू खेती किसानी र मजदुरी पनि गर्छन् । आफ्नो जमीन कम भएकै कारण अर्काको अधिया जमिन खेनजोत गरेर जीवनयापनमा सहजता खोज्न थालेका छन् ।

गन्धर्व समुदायको उत्थान गर्ने उद्देश्य राखेर २०६७ सालमा पूर्वाञ्चल गन्धर्व सांस्कृतिक उत्थान समाज नामक संस्था स्थापना पनि गरिएको छ । यो समुदायको आफ्नै भाषा भएपनि लोप हुने अवस्थामा पुगेको छ । 'पछिल्लो पुस्ताले भाषा, संस्कृति सवै भुलिसक्न लागेकोमा गन्धर्व समाजमा चिन्ता छ । उनीहरूको आफ्नै मौलिक लिपि भने छैन । अस्तित्व रक्षाका लागि गन्धर्व सांस्कृतिक उत्थान समाजको परिकल्पना गरिएको उनीहरूको भनाई छ ।

# ग्वाली र मिलमा आगलागी हुँदा २५ लाखको क्षति



झापा(प्रस) । झापाको बिर्तामोड नगरपालिका वडा नं ७ मियावारीमामा मंगलवार बिहानै आगलागी भएको छ । लालबहादुर अधिकारीको ग्वाली र मिलमा आगलागी भएको हो । बिहान अन्दाजी ४.४० बजेतिर मिलमा विद्युत सर्ट भई भएको सो आगलागीबाट अन्दाजी २५ लाखबराबरको क्षति भएको छ । आगलागीबाट मकै र पराल जलेको छ भने एउटा बाछी मरेको र अर्को घाइते भएको छ । साथै मिलमा प्रयोग हुने उपकरणहरु जलेर नष्ट भएका छन् । बिर्तामोड नगरपालिकाको दमकल, गरामनी प्रहरी चौकीका प्रहरी र स्थानीयको सहयोगमा बिहान ६.५२ बजे आगो पूर्णरुपमा नियन्त्रणमा लिइएको बिर्तामोड नगरपालिकाको बारुण यन्त्र कार्यालयले जनाएको छ ।

# निर्माण व्यवसायी संघको अध्यक्षमा इन्जिनियर सिंहको दावेदारी



झापा(प्रस) । झापाका निर्माण व्यवसायीहरुको व्यावसायिक छाता संगठन निर्माण व्यवसायी संघ झापाको १६ औं वार्षिक साधारणसभा तथा अधिवेशन आगामी साता बिर्तामोडमा हुँदै छ । यही पुष २१ गते बिर्तामोडको हिमाल सागर पार्टी प्यालेसमा साधारण सभा तथा अधिवेशन हुन लागेको हो । अधिवेशनले नयाँ नेतृत्व चयन गर्ने भएको छ । जसका लागि आकांक्षीहरुले अधिवेशनअगावै समर्थन जुटाउन थालिसकेका छन् । निर्माण व्यवसायी संघ झापाको नयाँ नेतृत्वको लागि इन्जिनियर प्रकाशकुमार सिंहले दह्रो दावेदारी प्रस्तुत गरेका छन् । पुल्चोक इन्जिनियरिङ कलेज ललितपुरबाट इन्जिनियरिङ गरेका झापा भद्रपुर ७ निवासी सिंह निर्माण क्षेत्रका लागि एक योग्य र अनुभवी व्यक्तित्व हुन् । २०५९ सालमा इन्जिनियरिङ पूरा गरिसकेपछि उनी त्यसयता निर्माण व्यवसाय क्षेत्रमा सक्रिय छन् । निर्माण व्यवसायी उपेन्द्रप्रसाद सिंहका छोरा प्रकाश त्यही क्षेत्रमा २०५९ सालदेखि निरन्तररुपमा क्रियाशील रहेका हुन् । उनले निर्माण व्यवसायमा केन्द्रित रहेर इन्जिनियरिङ पढ्दाखेरि नै २०५८ सालमा सगरमाथा निर्माण सेवा दर्ता गरेका थिए । सोही बेलादेखि उनी निर्माण व्यवसायी संघको सदस्य रहेका छन् । पिताको निधनपछि आफ्नो कम्पनीसँगै पिताको पूर्वाञ्चल कन्स्ट्रक्सन पनि संचालन गर्दै आएको उनी बताउँछन् । झापामा यान्त्रिकरणबाट कालोपत्रे गर्ने कार्य आफूले नै शुरु गरेको उनको भनाई छ । २०७४ सालमा सो प्रविधि भित्र्याएपछि कालोपत्रे गर्ने कार्यले तीब्रता पाएको बताइन्छ । 'पहिला कालोपत्रे मेनुअली हुन्थ्यो' उनी भन्छन्,'हामीले २०७४ सालमा मेकानिज्ड गर्यौं ।' निर्माण व्यवसायी संघको सफल नेतृत्वमा वित्तीय , प्राविधिक र कानुनी ज्ञान हुन आबश्यक हुन्छ । यी तीनवटै मापदण्ड भएरै आफूले उम्मेद्वारी दिन लागेको उनी बताउँछन् । निर्माण व्यवसायी संघ झापालाई सक्रिय बनाउँदै निर्माण व्यवसायको क्षेत्रमा देखिएका यावत समस्या समाधान गर्ने मुख्य एजेन्डासहित उनले अध्यक्ष पदमा उम्मेद्वारी दिने बताएका छन् । जिल्लाका निर्माण व्यवसायीहरुको विश्वास नै आफ्नो जित्ने आधार भएको उनी बताउँछन् । नेतृत्वको जिम्मेवारी बहन गर्नसक्ने व्यक्तित्वको रुपमा आफूलाई आम निर्माण व्यवसायीहरुले विश्वास गर्ने र त्यही नै आफ्नो जित्ने आधार भएको उनको भनाई छ । निर्माण व्यवसायी संघ झापाको अध्यक्षमा उम्मेद्वारी दिन लागेका वर्तमान कार्यसमितिका सदस्य प्रकाश कुमार सिंहसंग हामीले कुराकानी गरेका छौं । प्रस्तुत छ उनीसंग गरिएको **कुराकानीको सारसंक्षेपः–**

- निर्माण व्यवसायीका लागि अहिलेको कठिन परिस्थितिमा

❖ बाँकी अन्तिम पृष्ठमा

# सहकारी अध्यादेशप्रति सहकारीकर्मीहरुले चित्त बुझाएनन्

• लक्ष्मी उप्रेती

मेचीनगर । सहकारीसम्बन्धी केही ऐनलाई तत्काल संशोधन गर्न आवश्यक भएको भन्दैं बनेको अध्यादेशप्रति सहकारीकर्मीहरुले खासै चित्त बुझाएका छैनन् ।

आइतबार राष्ट्रपति रामचन्द्र पौडेलले सहकारीसम्बन्धी जारी गरेको अध्यादेशप्रति देशका सहकारीकर्मीहरुले चित्त बुझाउने तथा पूर्णरुपले स्वागत गर्ने अवस्था नरहेको प्रतिक्रिया दिएका छन् । अध्यादेशमा समेटिएका केही कुरा सकारात्मक भएपनि केही प्रावधानहरु आपतिजनक रहेको भन्दैं त्यसलाई फिर्ता लिन सरकारसँग आग्रहसमेत गरेका छन् ।

'सरकारले ल्याएको सहकारीसम्बन्धी अध्यादेशलाई पूर्णरुपले स्वागत गर्ने अवस्था छैन' जिल्ला सहकारी संघ मोरङका अध्यक्ष डाक्टर डिल्ली पोखेलले भने,' अध्यादेशले केही राम्रा कुरालाई समेटेको भएपनि केही प्रावधानहरु आपतिजनक छन् ।त्यसलाई तत्काल फिर्ता लिनु पर्छ । हामी सरकारसँग आग्रह गर्दछौ ।' कार्यक्षेत्रका आधारमा सहकारीको वर्गीकरणको व्यवस्था उचित नहुने डाक्टर पोखेलको धारणा छ । उनले भने,'बचतको सीमा निर्धारण गर्ने प्रावधान संसारकै कही नभएको व्यवस्था हो, त्यसकारण सरकारले यो कुरा फिर्ता लिनुपर्छ ।'




सहकारीसम्बन्धी ऐन संशोधनमार्फत बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्था नियमन गर्न राष्ट्रिय सहकारी नियमन प्राधिकरण गठन गर्ने व्यवस्था गरेको छ । बचतमा सीमा तोक्ने, सहकारी दर्ता अधिकारलगायतका व्यवस्थासहित सहकारी ऐन संशोधन भएको हो । अध्यादेशले सहकारीको मूल्य, मान्यता र सिद्धान्तलाई मात्र बेवास्ता गरेको छैन । नेपालका सहकारीलाई फस्टाउन नदिने प्रपञ्चको रुपमा आफूले पाएको डाक्टर पोखेलको बुझाई छ । अध्यादेशले भनेको सञ्चालकमा दुई कार्यकाल सीमा पनि स्पष्ट नबोलेको उनले बताए ।

अध्यादेशले बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्था सञ्चालक समितिमा एउटै व्यक्ति दुई कार्यकालभन्दा बढी सञ्चालक हुन नपाउने भएको छ । 'एउटै व्यक्ति एकै प्रकृतिको एकभन्दा बढी सहकारी संस्थामा सञ्चालक हुन पनि रोक लगाएको छ । तर, अध्यक्ष वा पदाधिकारीहरुमा भनेको हो भने ठीकै मान्न सकिन्छ' उनले भने,'तर, सञ्चालकहरु सवैलाई भनेको हो भने त्यो मान्य नहुने त्यसलाई फिर्ता लिनुपर्छ ।' अध्यादेशले कार्यक्षेत्र अनुसार बचतको सीमा तोक्ने काम गरेको छ ।

सहकारी ऐन संशोधनमार्फत कार्यक्षेत्रअनुसार प्रतिव्यक्ति बचत सीमा तोक्ने व्यवस्था भएको हो । अब एक प्रदेशभन्दा धैरै कार्यक्षेत्र भएको सहकारीले प्रतिव्यक्ति बढीमा ५० लाख रूपैयाँसम्मको निक्षेप लिन पाउने भएको छ ।

यस्तै एक जिल्लाभन्दा धैरै कार्यक्षेत्र भएको सहकारी संस्थाले २५ लाख र बढीमा एक जिल्ला कार्यक्षेत्र रहेको सहकारी संस्थाले १० लाखसम्म मात्रै प्रतिव्यक्ति निक्षेप लिन सक्ने भएको छ । उक्त सीमाभन्दा धैरै बचत भएको अवस्थामा दुई वर्षभित्र सीमाभित्र ल्याउनुपर्नेछ ।

यसमा भने पूर्व सहकारी अधिकृत तथा सहकारीका अभियन्ता डिल्ली दाहालको फरक विचार छ । पूँजीकोषको आधारमा बचत र कर्जाको सीमा निर्धारण गर्दा उपयुक्त हुने दाहालको सुझाव छ । अध्यादेशले बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्था सञ्चालक समितिमा एउटै व्यक्ति दुई कार्यकालभन्दा बढी सञ्चालक हुन नपाउने व्यवस्था भने स्वागतयोग्य रहेको उनी बताउँछन् । सहकारी दर्ता स्थानीय तहमा,

## जथाभावी फोहोर नफालौं

- सडक र सार्वजनिक स्थानमा फोहोर नफालौं,
- घर, अस्पताल, होटल, उद्योग तथा कार्यस्थलबाट निस्किएको फोहोरको उचित व्यवस्थापन गरौं,
- कुहिने र नकुहिने फोहोरलाई छुट्टाछुट्टै राखौं,
- कुहिने फोहोरलाई घरमा नै मल बनाई प्रयोग गरौं,
- पुनः प्रयोग हुन सक्ने वस्तु (जस्तै प्लाष्टिकका डिब्बा, झोला आदि) पुनः प्रयोग गरौं,
- फोहोरलाई तोकिएको स्थान र समयमा मात्र विसर्जन गरौं,
- प्लाष्टिक वा अन्य बस्तु प्रयोग वा उपयोग गरिसकेपछि प्लाष्टिक लगायतका बट्टा वा खोल जथाभावी नफालौं,
- फोहोरमैलाको व्यवस्थापनमा सबै जुटौं,
- शहर तथा गाउँ स्वच्छ र सफा राखौं ।




झापा गाउँपालिकाको कार्यालय
टाँघनडुब्बा, झापा

# छिमेकी सहकारीको नाफा १ करोड ८० लाख माथि

झिलझिले(प्रस) । झापाको शिवसताक्षीस्थित छिमेकी बचत तथा ऋण सहकारी संस्थाले १ करोड ८० लाख ५२ हजार ३८५ रुपैयाँ खुद नाफा आर्जन गरेको छ ।

सोमबार संस्थाको १८औं वार्षिक साधारण सभाको अवसर पारेर गत आर्थिक वर्ष ०८०/०८१ मा आम्दानीतर्फ ११ करोड २२ लाख ६६ हजार १५८ रुपैयाँ र खर्चतर्फ ९ करोड ४२ लाख १३ हजार ७७३ रुपैयाँको आर्थिक विवरण सार्वजनिक गरिएको हो।

२०६४ सालमा २५ जना सदस्यले स्थापना गरेको यो सहकारी संस्थाको सदस्य संख्या अहिले ४ हजार ३ सय ८५ पुगेको छ । झापाको दमक, कमल गाउँपालिकाको केर्खा, कन्काई नगरपालिकाको सुरुङ्गा, शिवसताक्षीको मङ्गलबारे र जनता बजारमा सेवाकेन्द्र रहेको संस्थाका कार्यकारी प्रमुख नरप्रसाद ओली (नवीन)ले बताए । गत आर्थिक वर्षको असार मसान्तसम्ममा छिमेकी सहकारीको शेयर पुँजी १४ करोड ९९ लाख २५,९००रुपैयाँ रहेको कार्यकारी प्रमुख ओलीले बताए । उनका अनुसार ४३ करोड ८१ लाख ३ हजार ३८८ रुपैयाँ निक्षेप सङ्कलन भएको संस्थाको विभिन्न कोषमा ९ करोड २ लाख ८१ हजार ६५६ रुपैयाँ रहेको छ ।

साधारण सभामा दिएको जानकारी अनुसार गएको असार मसान्तसम्ममा ६७ करोड ९७ लाख ४१ हजार २७२ रुपैयाँ लरर छ । संस्थाले गत आर्थिक वर्षमा ८७ करोड ६६ लाख ७१ हजार ७१७ रुपैयाँको कारोबार गरेको थियो।

१८औं वार्षिक साधारण सभाको अवसर पारेर सार्वजनिक गरिएको प्रतिवेदन अनुसार संस्थाले आर्थिक वर्ष०८१/०८२ सावाँतर्फ २३ करोड ५४ लाख ७९ हजार २१३ रुपैयाँ कर्जा असुली गरेको थियो भने ११ करोड ९ लाख२६ हजार ८९४ रुपैयाँ ब्याज असुली गरेको थियो। चालु आर्थिक वर्षमा संस्थाले १२ करोड ११ लाख खुद आम्दानी गर्ने लक्ष्य राखेको छ भने खर्चतर्फ आठ करोड २४ लाख ६० हजार खर्चको लक्ष्य राखेको छ।

शिवसताक्षी नगरपालिकाका नगर प्रमुख मेगाहाङ थोप्रा, नगर उपप्रमुख नरमाया कार्की, वडा नम्बर ४ का वडा अध्यक्ष विष्णु प्रसाई, ६ नम्बर वडाका अध्यक्ष मनोज खुलाल कार्की, वडा नम्बर ८ का अध्यक्ष सन्तकुमार फेउदेन, संस्थाका अध्यक्ष मोहन मैनाली, कार्यकारी प्रमुख नवीन ओलीलगायतले १८ वटा दीप प्रज्वलन गरेर १८ औं वार्षिक साधारण सभाको उद्घाटन गरेका थिए।

कार्यक्रममा बोल्दै नगर प्रमुख थोप्राले नगरका ३० देखि ३५ हाराहारीका विभिन्न प्रकृतिका सहकारीमध्ये छिमेकी सहकारी तुलनात्मक रूपमा अन्यभन्दा अब्बल रहेको बताए । उनले भने, ' आर्थिक कारोबार, पूर्वाधार निर्माण, सेवा क्षेत्र, कुशल नेतृत्वका कारण छिमेकी बचत तथा ऋण सहकारी संस्था अन्य सहकारीको तुलनामा अब्बल छ भन्ने कुरामा मलाई दुविधा छैन।' अरु सहकारी कस्तो हुनुपर्छ भनेर सामान्य ढङ्गले हेर्नका लागि छिमेकी सहकारी काफी भएको उनले बताए ।

छिमेकी सहकारीले गत आर्थिक वर्षमा नेपाल सरकारलाई ५७ लाख राजस्व बुझाएको छ। शिवसताक्षी नगरपालिकामा कारोबार र आम्दानी खर्चका हिसाबले सबैभन्दा बढी राजस्व बुझाउने छिमेकी बचत तथा ऋण सहकारी संस्था सम्भवतः पहिलो सहकारी हो ।

कार्यक्रममा नगर उपप्रमुख नरमाया कार्की, ४ नम्बर वडाका अध्यक्ष विष्णु प्रसाई, ८ नम्बर वडाका अध्यक्ष सन्त कुमार फेउदिनलगायतले छिमेकी बचत तथा ऋण सहकारी संस्थाको १८औं वार्षिक साधारण सभाको वार्षिक प्रतिवेदन हेर्ने हो भने बैंक र सहकारीमा खासै भिन्नता आफूहरूले नपाएको बताए । सहकारीका सदस्यहरूमा प्राणघातक रोग लागे, सडक दुर्घटनामा परे, शल्यक्रिया, सदस्यको मरणोपरान्त परिवारका सदस्यलाई प्रदान गर्दै आएको मानो चामल र आर्थिक सहायता कार्यक्रमलाई अझ बढी प्रभावकारी बनाउन कार्यविधि निर्माण गरेर कार्यक्रम सञ्चालन गर्ने बताएको छ ।

संस्थाका उपाध्यक्ष उदयप्रकाश राईले स्वागत गरेको कार्यक्रम अध्यक्ष मोहन मैनालीको अध्यक्षतामा भएको थियो। स्थानीय झिलझिले माध्यमिक विद्यालयको प्राङ्गणमा सम्पन्न १८ औं वार्षिक साधारण सभामा ८८५ जना सदस्यको सहभागिता थियो। कार्यक्रमको सञ्चालन सञ्चालक समितिका सदस्यद्वय बिनोद सापकोटा र संगीता कोइराला सुवेदीले गरेका थिए । सहकारीका पाँचैवटा अन्य सेवाकेन्द्रमा पनि साधारण सभा भएको थियो । यसैबीच वर्षेनि पाँचवटा विधामा सहकारीमा आबद्ध व्यक्तित्वलाई पुरस्कृत गर्दै आएका यज्ञराज ओली (गोपाल) ले यस वर्ष संस्थाका उपाध्यक्ष उदयप्रकाश राईलाई सम्मान गरेका छन्। उनले नगदद्वारा राईलाई सम्मान गरेका हुन् । ओलीले बर्षेनि छिमेकी बचत तथा ऋण संस्थामा आबद्ध इमान्दार कर्मचारी, शेयर सदस्य, असल बचतकर्ता तथा ऋणीलाई जनही नगद ५१०० सहित पुरस्कृत गर्दै आएका छन् । राईलाई नगर प्रमुख थोप्रा, उपप्रमुख कार्की, सम्मान गर्ने व्यक्ति यज्ञराज ओलीले दोसल्ला, फुलमाला, अबिर र सम्मानपत्रद्वारा सम्मान गरेका थिए।

साथै साधारण सभामा एकदिने निःशुल्क आँखा शिविर पनि सञ्चालन गरिएको थियो। ओम साई पाथिभरा अस्पताल भद्रपुरको प्राविधिक सहयोगमा सञ्चालित शिविरमा २५६ जनाले आँखाको निःशुल्क परीक्षण गराएका थिए। आँखा परीक्षण गराएकामध्ये सय जना जेष्ठ नागरिकलाई सहकारीले निःशुल्क औषधि र चस्मा प्रदान गरेको थियो।

## सहकारी...

मापदण्ड प्राधिकरणले बनाउने तथा ऐन संशोधनमार्फत सहकारी संस्था दर्ता गर्ने अधिकार स्थानीय तहलाई मात्रै तोकिएको छ । स्थानीय तहलाई मात्र सहकारी संस्था दर्ता गर्ने अधिकार तोक्दा भविष्यमा जटिलता निम्तिन सक्ने खतरा रहेको दाहालले औल्याएका छन् । यसकारण जिल्लामा नै सहकारी नियमन गर्न राष्ट्रिय सहकारी नियमन प्राधिकरण खडा गर्दा उचित हुने उनको भनाई छ ।

यसअघि प्रदेश र संघीय सरकारले समेत सहकारी संस्था दर्ता गर्दै आएकोमा अब स्थानीय तहबाट मात्रै सहकारी दर्ता हुने भएको छ । यस्तै, राष्ट्रिय सहकारी नियमन प्राधिकरणले सहकारी संस्था दर्ता, नियमन, सुपरीवेक्षण, अनुगमन तथा प्रतिवेदन प्रणालीजस्ता मापदण्ड बनाएर कार्यान्वयन गराउने व्यवस्था ऐनले गरेको छ ।

नेपाल बहुउद्देश्यीय सहकारी संस्थाका संस्थापक अध्यक्ष एवम् सहकारी अभियन्ता रामचन्द्र उप्रेती सहकारीको वर्गीकरण कार्यक्षेत्रका आधारमा नभएर पूँजीकोषको आधारमा हुनुपर्ने बताउँछन् ।

सवै सरोकारवाला पक्षहरुसँग पर्याप्त छलफल नगरी भएका केही छलफलहरुलाई पनि बाङ्गो टिङ्गो गरी जारी भएको अध्यादेशका केही विषयहरु तत्काल कार्यान्वयनको सम्भावना नभएको नेप्स्कुनका महासचिव घनश्याम अधिकारीको भनाई छ । सहकारी सुधारका अरु थुप्रै विकल्पहरु कानूनमा सुधार गर्नुपर्नेमा अरु केही विषयहरुमा त्यसतर्फ सरकारको ध्यान नपुगेको अधिकारीको टिप्पणी छ ।

थुप्रै सहकारी सञ्चालकहरुले राम्रालाई प्रोत्साहन र खरावलाई दण्डित गर्ने नीति सरकारले ल्याउनुपर्ने, सरकारले सहकारीको कारोवार खुम्च्याउने गरी नीति ल्याउन नहुने सुझावसमेत दिएका छन् । । गलत गर्ने सहकारीको कारणले सदस्यको सेवामा र आर्थिक तथा सामाजिक रुपान्तरणमा केन्द्रित रहेका सहकारी बदनाम हुनु नहुने उनीहरुको भनाई छ । सहकारी आर्थिक , सामाजिक र रोजगारीका लागि एक उत्तम अभ्यास भएको भन्दैं उनीहरुले केही ब्यक्तिको कारणले सिङ्गो सहकारीलाई बदनाम गरेको बताएका छन् ।

## निर्माण...

**अध्यक्षमा नै किन उम्मेद्वारी ?**

निर्माण व्यवसायी साथीहरुको अवस्था परिवर्तनको लागि मेरो उम्मेद्वारी हो । तीन वर्ष कार्यसमितिमा रहेर काम गर्दा मलाई तीन वर्षे अनुभवले प्रेरित गरेको छ । हामीले आफ्नो पेशा गरिरहँदा विकासे अड्डामा कार्यरत कर्मचारीबाट सार्वजनिक खरिद नियमावलीको कार्यान्वयनमा त्रुटिपूर्ण व्याख्या गर्ने गरिन्छ । नियमावली कार्यान्वयनमा देखिएको त्यस त्रुटिपूर्ण व्याख्यालाई सच्याउन जरुरी देखिन्छ । निर्माण व्यवसायी संघ अध्यक्षमुखी भएकाले अध्यक्षको क्षमतामा संघको भविष्य निर्भर रहन्छ । त्यसकारण नेतृत्वबाट गहन जिम्मेवारी पूरा गर्ने क्षमता हुनुपर्यो अर्थात अध्यक्ष क्षमतावान हुनुपर्यो । अर्को समस्या कार्यालयहरुको बोलपत्र आव्हान गर्दा हुने समस्याका बारेमा छलफल गर्न प्रिविट मिटिङ अनिवार्य राख्नुपर्ने जरुरी देखिन्छ । तर, त्यसलाई अनदेखा गरिँदै आएको छ । प्रत्येक व्यवसायीले प्रिविट मिटिङमा भाग लिनैपर्ने गरी प्रोत्साहन गरिनु पर्छ । समय अभावदेखि लिएर योजनाका बारेमा आइपर्न सक्ने प्राविधिक समस्याका बारेमा प्रश्न गर्न सकिन्छ । प्रिविट मिटिङबाटै योजना कार्यान्वयनका सवालमा आइपर्ने समस्या हल गर्न सकिन्छ । ठेक्कासम्बन्धी पुनरावलोकन पनि गर्न सकिन्छ ।

**– तपाईको चुनावी एजेन्डा के के रहेका छन् ?**

निर्माण व्यवसायी संघ झापाअन्तर्गत छुट्टै इन्जिनियरिङ इकाई गठन गरिने छ । जसले आफ्नै प्राविधिक नियुक्त गर्नेछ । क्षमता नभएका साना निर्माण व्यवसायीहरुलाई ठेक्कासम्बन्धी प्राविधिक समस्याहरुको समाधानमा ती प्राविधिकले सहयोग गर्ने छन् । जसको पहुँच छैन, उनीहरुलाई मद्धत पुग्नेछ । प्राविधिक इकाई गठन गर्न अब संभव देखिएको छ । त्यस्तै व्यवसायीको वृत्ति विकासको लागि नियमित रुपमा तालिम संचालन गरिने छ । कल्याणकारी कोषलाई चलायमान बनाइने छ । निर्माण व्यवसायीहरुको संख्या बढिरहेको अबस्थामा त्यसलाई संबोधन गर्न संघीय ढाँचामा परिवर्तन (सात वटा क्षेत्रको अवधारणा) गरिने छ । सबै निर्माण व्यवसायीहरुलाई एउटै नेटवर्किङमा जोड्ने प्रयास गरिने छ । एकै नामबाट दुई व्यवसाय दर्ता हुने अबस्थाले गर्दा टेण्डर हाल्न समस्या भइरहेकाले घरेलु तथा साना उद्योग कार्यालयमा व्यवसाय दर्ता गर्दा निर्माण व्यवसायी संघसंग समन्वय गर्नुपर्ने व्यवस्थाका लागि पहिल गरिने छ । संस्थाको वित्तीय अनुशासन पालना गर्न विशेष पहल गरिने छ ।

**–अन्त्यमा केही भन्नु छ ?**

अन्त्यमा, म के भन्न चाहन्छु भने मान(पद) को लागि माम( व्यवसाय) को बलिदान दिन सकिदैन । निर्माण व्यवसायीहरुले भोग्नुपरेका नीतिगत, ऐन, कानून र नियमावलीहरुका अप्ठ्याराहरु समाधान गर्ने प्रतिबद्धता जनाउँदै अध्यक्ष भएर काम गर्ने अवसर दिनु हुने छ भन्ने विश्वास लिएको छु ।

### बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेशको

### १५ दिने सूचना

सधियार पूर्वः श्री मनमाया लिम्बु, पश्चिमः सिमा रिजाल, उत्तरः श्री राम प्रसाद सिटौला, दक्षिणः सडक को नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. ३ हाल बिर्तामोड नगरपालिका, वडा नं. ५ बस्ने श्री मन्जु कुमारी दुलालले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन निर्माण, नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जिमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा ५ | १७९-००८० | १४३२ | १६०.८५ | २०८१/०८ /२० | २०८१/०८/२५ | २०८१/०९/१६ |




## संस्थापक शेयर खरिद गर्न चाहनु हुने महानुभावहरूलाई सूचना

सूचना प्रकाशित मिति : २०८१।०९।१७

यस विकास वैंकका संस्थापक शेयरधनी दिपक कुमार सरावगीले आफ्नो नाममा रहेको संस्थापक शेयर मध्येबाट ३०,००० (तीस हजार) कित्ता शेयर बिक्री गर्ने इच्छा जाहेर गरी निवेदन गर्नु भएको र संचालक समितिको बैठकमा पेश हुँदा उक्त संस्थापक शेयर खरिद गरि लिन इच्छुक हाल कायम यस विकास वैंकका संस्थापक शेयरधनीहरुलाई नै प्राथमिकता दिनु पर्ने व्यवस्था रहेकाले संस्थापक शेयरधनीहरुको जानकारीका लागि राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सूचना प्रकाशन गर्ने लगायतका आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय भएकाले संस्थापक शेयरधनीहरुको जानकारीको लागि मिति २०८१।०८।११ को प्रतिदिन राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सूचना प्रकाशित गरिएकोमा उक्त निर्धारित समयावधिभित्र यस संस्थाको हालकायम संस्थापक शेयरधनीहरुबाट उक्त शेयर खरिद गरिलिने सम्बन्धमा कुनै लिखित निवेदन पेश हुन नआएकाले हालकायम संस्थापक शेयरधनीहरु बाहेकका महानुभावहरुले उक्त यस संस्थाको संस्थापक शेयर खरिद गरी लिने इच्छा भएमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र आवश्यक कागजात प्रमाण संलग्न गरी यस विकास वैंकको केन्द्रीय कार्यालय बिर्तामोड झापामा के कति शेयर कित्ता खरिद गरी लिनु हुने हो सो व्यहोरा खुलाई निवेदन दिनु हुन सूचित गरिन्छ । यस संस्थाका हाल कायम संस्थापक शेयरधनीहरु बाहेकका अन्य महानुभावहरुले उक्त संस्थापक शेयर खरिद गर्नको लागि नेपाल राष्ट्र बैंकले तोकेको मापदण्ड र Fit & Proper Test को व्यवस्थालाई परिपालना गरेको हुनु पर्नेछ ।

**एक्सेल डेभलपमेन्ट बैंक लि.**
Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np

## माँ लक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि.

**बिर्तामोड-४, झापा**

**मिति-२०८१/०९/१८**

### सोह्रौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

यस माँ लक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि. बिर्तामोडको मिति २०८१/०८/०१ गते शनिबारका दिन बसेको संचालक समितिको बैठकले निर्णय गरेअनुसार निम्न लिखित मिति, समय र स्थानमा यस संस्थाको सोह्रौं वार्षिक साधारण सभामा यहाँहरुलाई अनिवार्य उपस्थितिको लागि पत्राचार गरिएको छ । केही कारणवश पत्र प्राप्त नभएमा यसै पत्रलाई आधार मानी साधारण सभामा प्रतिनिधित्व गरिदिनु हुन हार्दिक अनुरोध गर्दछु ।

**साधारण सभा शुरु हुने समय र स्थान : २०८१ /०९ /२२ गते सोमबार / अतिथि सदन, बिर्तामोड (बिहान १०:३० बजेबाट)**

**साधारण सभामा छलफल हुने विषयहरुः**

१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूको वार्षिक प्रतिवेदन प्रस्तुत तथा पारित सम्बन्धमा
२) संस्थाको आ.व. २०८०/०८१ को लेखा परीक्षण प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने सम्बन्धमा
३) संस्थाको आ.व. २०८०/०८१ को लेखा समितिको प्रतिवेदन प्रस्तुत एवं छलफल गरी पारित गर्ने सम्बन्धमा
४) संस्थाको आ.व. २०८१/०८२ को लागि लेखा परीक्षक नियुक्ति तथा पारिश्रमिक तय गर्ने सम्बन्धमा ।
५) संस्थाको विनियम संशोधन/पुनःलेखन, नीति तथा कार्यविधि संशोधन/पुनः लेखन, वार्षिक कार्यक्रम तथा बजेट माथि छलफल गरी पारित गर्ने सम्बन्धमा ।
६) जग्गा खरिद तथा विक्री गर्ने सम्बन्धमा ।
७) सहकारी संस्थासँग एकीकरण (मर्ज) गर्ने सम्बन्धमा ।
८) सेवा केन्द्र खोल्ने सम्बन्धमा ।
९) आ.व. २०८०/०८१ को साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गरी निर्णयको लागि संचालक समिति तथा लागि शेयर सदस्य प्रतिनिधिको चयन गर्ने सम्बन्धमा ।
१०) विविध

**नोट :**

१) यस संस्थाका शेयर सदस्यका छोरा/छोरीमध्ये एसईईमा उत्कृष्ट अङ्क ल्याई उत्तीर्ण हुने निजी तथा सरकारी विद्यालयबाट एक/एक जना छात्र/छात्रालाई साधारण सभाको दिन सम्मान गर्ने भएको हुँदा विद्यार्थीको लब्धांकपत्र र निवेदनसहित संस्थामा २०८१ /०९/१८ गते सम्पर्क गर्न अनुरोध गरिन्छ

**अध्यक्ष**
**देवेन्द्र कुमार सिंह**

## सार्वजनिक सेवा लिदा ध्यान दिऔं ।

- आफूले लिने सेवाका सम्बन्धमा जानकारी राखौं,
- आवश्यक कागजात/प्रक्रिया पुरा गरौं,
- नागरिक बडापत्रको प्रयोग गरौं,
- आधिकारिक सेवा प्रदायकबाट सेवा लिऔं,
- सेवा प्राप्त गर्दा आफैले लिऔं, विचौलियाको प्रयोग नगरौं,
- सकेसम्म अनलाईनबाटै सेवा लिने र दिने गरौं,
- जेष्ठ नागरिक, अपाङ्गता भएका तथा अशक्त व्यक्तिहरुलाई प्राथमिकता दिऔं,
- सेवा प्रवाहमा समस्या देखिए सम्बन्धित निकायमा गुनासो गरौ,
- अनियमितता र भ्रष्टाचार विरुद्ध उजुरी गरौं,
- सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

### सन् २०२५ को शुभकामना

आजदेखि अंग्रेजी संवत्को नयाँ वर्ष सन् २०२५ प्रारम्भ भएको छ। सन् २०२४ मा भए गरेका तीता मीठा अनुभवहरुलाई विर्सिएर नयाँ उमंग र हर्षका साथ नयाँ वर्षलाई स्वागत गरिदैछ। सन् २०२४ लाई बिदाइ र सन् २०२५ लाई स्वागत गरिदैछ।जीवनलाई अनुभव र सम्झनाको झोलाको रूपमा लिन सकिन्छ, हरेक वर्ष नयाँ अनुभव थपिन्छ र पुरानो वर्ष बित्छ र नयाँ वर्ष आउँछ। अन्नो डोमिनीलाई नेपालमा पर्यटक र विदेशी संवतका रूपमा लिइन्छ। तर यो अन्तर र्ष्ट्रिय संवत भएकाले विदेशमा बसोबास गर्ने र अन्तर र्ष्ट्रिय संघ संस्थामा काम गर्नेहरूले यो पर्व विश्वभर मनाउने गर्छन्। यो संवतको छुट्टै प्रतिष्ठा र विश्वव्यापी उपयोगिता छ।

विक्रम संवत्, ५७ वर्ष अगाडि रहेको र जनवरी–फेब्रुअरी महिनाहरू ईस्वी वर्षको रूपमा मनाउने वर्ष हो, जबकि विक्रममा वैशाख र जेठ जस्तै १२ महिनाहरू छन्। प्रत्येक नयाँ वर्षमा, हामी केहि परिवर्तन गर्न चाहन्छौं, तर ती धेरै इच्छाहरू र वाचाहरू परिपक्व भए वर्षसँगै हराउँछन्। सेप्टेम्बरमा, भारी वर्षाले गम्भीर बाढी र पहिरो ल्यायो, जसका कारण कम्तीमा २२४ जनाको मृत्यु र २४ जना बेपत्ता भए। विशेषगरी काठमाडौँ उपत्यका प्रभावित भएको थियो, जहाँ लगातार वर्षाका कारण बागमती नदीमा बाढी आएको थियो। यसका अलावा मनसुनमा आएका बाढी पहिरोले पनि करोडौंको जनधन क्षति र सयौं मानिसहरु प्रभवित भएका थिए।

अर्कोतर्फ जुलाई महिनामा ६५ जना यात्रुहरु सहित त्रिशुली नदीमा दुईवटा बसहरु हराएका अझै पत्ता लागेको छैन। चितवनको सिमलतालमा खसेको पहिरोको यस विभत्स संझना पनि सन् २०२४ ले छाडेर गएको छ।

जुलाई २४, २०२४ मा, सौर्य एयरलाइन्सको विमान त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल काठमाडौँबाट उड्नासाथ दुर्घटनाग्रस्त भयो, जसका कारण १८ जनाको मृत्यु भयो। सन् २०२५ मा सपनाहरू साँच्न पाईयोस् अनि तिनलाई पूरा गर्न अगाडी बढ्ने अवसरहरू पाइयोस्।सन् २०२५ का हरेक दिन म□लमय बनून् सम्पूर्णलाई हार्दिक शुभकामना।




# मुलुक समृद्ध बनाउन युवामा लगानी



• खेमराज निरौला

वैदेशिक रोजगार विभागका अनुसार मङ्सिर महिनामा मात्र करिब ८४ हजारले अध्ययन र रोजगारीका लागि देश छाडेका छन्। यो हालसम्मकै उच्च संख्या हो। यसले हाम्रो गन्तव्य कता हो भन्ने प्रश्न तेर्स्याएको छ। देशको राजनीतिक, सामाजिक, आर्थिक एवं सांस्कृतिक स्थायित्वमा युवाको भूमिका अहम् हुने गर्छ। यस अर्थमा युवा देश विकासका संवाहक हुन्। राष्ट्रका गहना हुन्। जुन देशले युवामा रहेका असंख्य सम्भावनालाई समयमा चिन्न सक्छ त्यही देश आज सफल र समृद्ध बनेको छ। आज युवामा गरिएको लगानी भोलिको देशको सुनौलो भविष्य निर्माणको आधार बन्न सक्छ। हाम्रो देशका युवाको अवस्था भने बिल्कुलै टिठलाग्दो छ।

विद्यालय तहको शिक्षा पूरा गर्दा नगर्दै विदेश पलायन हुने बाध्यताले देश युवाविहीन बन्दै छ। लक्ष्य र गन्तव्य नै विदेश पलायन हुने बढ्दो युवा मानसिकतालाई देशभित्रै सम्भावना छ भन्ने आशा जगाउन जरुरी भइसकेको छ। दैनिक हजारौँको संख्यामा देश छाडेर रोजगारीको खोजिमा बिदेसिनु देशका लागि क्षणिक फाइदा त होला तर दीर्घकालीन रूपमा हेर्ने हो भने पलायन एक गम्भीर समस्याका हो। ऊर्जाशील र सम्भावना बोकेका युवाले आफ्नो देशमा रोजगारीका सम्भावना नदेख्नु कसको कमजोरी हो।

कुनै पनि राज्य भनेको अभाव र पीडामा परेका नागरिकको सहारा हो उनीहरूको अभिभावक पनि हो। बेसहारा र उत्पीडितको आशा र भरोसा भनेकै राज्य हो। तिनै होनाहार युवाको राज्यप्रति आशा र भरोसा रहँदैन भने देश कसरी समृद्ध बन्ला ? यो हाम्रो जस्तो देशका लागि चिन्ताको विषय बन्ने गरेको छ। राज्य भनेको सरकार हो। सरकारले नागरिकमा आशा र भरोसा जगाउने काम गर्नु पर्छ। सरकार बदलिँदो विश्व परिवेश अनुरूप रूपान्तरित नहुने र राष्ट्रिय शक्तिका रूपमा रहेका युवाका सरोकारप्रति सजग नबन्दा विद्रोह र असन्तुष्टिका स्वर पनि क्रमशः सक्रिय बन्न थाल्छन्। त्यही असन्तुष्टि र विद्रोह सरकार हुँदै व्यवस्था विरुद्धमा सोझिन थाल्यो भने देशले ठुलो क्षति पनि बेहोर्नुपर्ने हुन्छ। यस्तै असन्तुष्टि र विद्रोहले आजभन्दा ठिक एक वर्षअगाडि इपिएस कोरिया काण्डमा दुई जना निर्दोष युवाले ज्यान गुमाउनु पऱ्यो। यस्तो अवस्था उत्पन्न हुनु भनेको युवाप्रति नेतृत्वको गैरजिम्मेवारीको पराकाष्टाका रूपमा बुझ्न सकिन्छ।

देशमा हिजोआज सामाजिक सञ्जालमार्फत होस् वा सार्वजनिक स्थल, सडक, चियापसल वा नितान्तै व्यक्तिगत गफगाफ र छलफलमा पनि विदेश पलायन र जुनसुकै सरकार आए पनि अवस्था नसुध्रिएकोमा आक्रोश चुलिएको छ। जनचाहनालाई समयमै बुझ्न सकिएन र योजना र कार्यक्रम ल्याउन सकिएन भने त्यसले भोलि अप्ठेरो परिस्थिति उत्पन्न गर्ने छ। देशभित्रको हरेक क्षेत्रमा व्याप्त भ्रष्टाचार र अनियमितताले अवस्थालाई प्रतिकूल बनाइरहँदा हरतरहले युवा बाध्य भएर जोखिमयुक्त काममा पनि बिदेसिनु परेको छ। युवा पलायनको गति र विवशता हेर्ने हो भने जनसांख्यिक लाभबाट वञ्चित हुनुपर्ने अवस्था नआउला भन्न सकिन्न। राज्यप्रति नागरिकको श्रद्धा र आस्था त्यतिबेलासम्म जीवित रहन्छ जबसम्म उसका आधारभूत आवश्यकता पूरा गर्नेतर्फ राज्य सदा संवेदनशील रहन्छ, प्रयत्नशील रहन्छ। शिक्षा स्वास्थ्य र रोजगारीको अवसर महँगो बन्दै जान्छ तब कोही पनि एकै ठाउँमा स्थिर भएर रहन सक्दैन। आश्वासन र प्रतिबद्धताका ठेलीले मात्र जीवन चलाउन कठिन हुने हुँदा देश छोड्न विवश हुनु परेको तितो यथार्थ हो।

आजको दुनियाँ सामाजिक सञ्जाल र एआईको पञ्जामा छ। दुःख गरेर जसोतसो उब्जाएको कृषि उपजले बजार नपाउनु, बिचौलियाको पासामा सोझा र निमुखा किसान सिकार बन्ने, भ्रष्टाचार, कमिसन, घुसखोरी एवं नातावाद र कृपावादले समाजको तल्लो तहसम्म नै जरा गाडिसकेको छ। यसैको प्रतिक्रिया हो दैनिक त्रिभुवन विमानस्थलमा मलिन र बोझिलो अनुहारमा लामबद्ध हजारौँ युवाको लाम। आज माथिल्लो घरकाले विदेशबाट यति लाख लिएर आएछ, तल्ला घरकाले उति लाख कमाएछ, उसका छोराबुहारी नै कोरिया जापान गएछन् जस्ता चर्चा र गुणगानले हाम्रा गाउँबस्ती र टोलटोल गुञ्जयमान भएका छन्। सम्पन्नता, इज्जत र प्रतिष्ठा नै अब पढाइ र डिग्रीमा होइन विदेशमा छ भन्ने भाष्यले जरा गाडिसकेको छ। यो भाष्यलाई परिवर्तन गर्न ठोस योजनाको खाँचो छ।

दण्डहीनता, अविश्वास, राजनीतिक अस्थिरता र नातावाद जस्ता अवाञ्छित गतिविधिले प्रश्रय पाइरहँदा एक्लो र शक्तिहीन मान्छे यो देशमा रहेर केही गर्न नसक्ने अवस्था आउन सक्नेतर्फ बेलैमा सजग हुनु पर्छ। यहाँ बसेर अब केही हुँदैन भन्ने बढ्दो भाष्यलाई यसले थप मलजल गरिरहेको छ। यिनै अदृश्य र मनोवैज्ञानिक त्रासले युवा पलायनलाई पेचिलो बनाइरहेको छ। विकासका योजना तर्जुमा र कार्यान्वयन गर्ने बेलामा कतै जनशक्तिको अभावमा केही गर्न नसकिने अवस्था त बन्दै छैन ?

विद्यार्थीको अभावमा स्कुल, कलेज र विश्वविद्यालय खाली बन्ने अवस्था आएको छ। जुन गतिमा उच्च शिक्षा र रोजगारीको खोजीमा युवा पलायन भइरहेका छन्, यसले हाम्रा भौतिक संरचना र शैक्षिक जनशक्ति नै बेकम्मा हुने अवस्थातर्फ त उन्मुख भएका छैनौँ ? बेलैमा परिस्थितिको ठोस विश्लेषण गरेर तदनुरूपका कार्यक्रम ल्याउन जरुरी भइसकेको छ। प्रविधि र चेतनास्तरमा आएको विश्वव्यापी उभारले गर्दा आजको युवा एक ठाउँमा सीमित रहन सक्दैन। यो विश्वव्यापी भए पनि विकासशील मुलुकका लागि निकै चिन्ताको विषय बनेको छ। युवामा विकसित भइरहेको यस्तो विकर्षण हाम्रा लागि सबैभन्दा डरलाग्दो र निराशाजनक छ। आजको नेपाली युवाको मानसिकता परिवर्तन गराउन राज्य गम्भीर बन्नै पर्छ। देशमा तीन तहका सरकार छन् तर तीनै तहका सरकारका काम गर्ने शैली, योजना, कार्यक्रम, श्रमको उत्पादकत्व वृद्धि गर्ने योजनामा केन्द्रित छैनन्। श्रम र युवालाई जोडेर राष्ट्रिय उत्पादन वृद्धि गरी देशको अर्थतन्त्र मजबुद बनाउने तिनै तहका सरकारले नयाँ कार्यक्रम ल्याउन ढिला गर्नु हुन्न। निर्भर अर्थतन्त्रका लागि युवामा लगानी बढाउने भन्ने सोच राजनीतिक वृत्तबाट तत्काल आउनु पर्छ। विदेशमा गएर सिप र प्रविधि सिकेर आएका युवालाई प्रयोग गरेर देश समृद्ध बनाउन सकिन्छ भन्ने तर्फ नसोचिएकाले नै युवा पलायन बढ्दो छ। विभिन्न बहुर्राष्ट्रिय कम्पनीमा काम गरेका उच्च जनशक्तिको सिप र क्षमतालाई प्रयोग गरेर देश समृद्ध बनाउन सकिन्छ तर यसका लागि युवामा लगानी बढाउन जरुरी छ। विदेशमा गएर काम गर्नु नराम्रो भने पक्कै होइन तर कति समय अवधि सम्म विदेशमा काम गर्ने भनेर सरकारले समयसीमा तोकिदिनु पर्छ। त्यसपछि स्वदेश फर्केर त्यहाको सिप र प्रविधिलाई नेपाली माटोमा प्रयोग गरेर उपलब्धि हासिल गर्न सकिन्छ।

हाम्रा शैक्षिक पाठ्यक्रम रोजगार सिर्जना गर्ने नभई पढिसकेपछि रोजगारी खोज्नुपर्ने खालका छन्। व्यावहारिक र प्रयोगात्मक शिक्षा नहुँदा परम्परागत र सैद्धान्तिक ज्ञानले मात्र जीवन निर्वाह नहुने भएको छ अनि जसोतसो उत्पादित जनशक्ति कि विदेश जाने कि त जागिर खोज्ने सोचमा लाग्न थाल्छन्। आफैं उद्यम गर्ने सोचको विकास हुन सकेको छैन। जागिर खान पनि कसैले भनसुन गरिदिनपर्ने, शक्ति केन्द्र गुहार्नुपर्ने कुनै दल विशेषको आशीर्वाद लिनुपर्ने विवशता हाम्रो मुलुकमा छ। यो पनि पार नलागे विदेश पलायन हुनुपर्ने अवस्थाले मुलुकको समृद्धिको यात्रामा कतै ठेस त पुग्ने होइन। यसतर्फ राज्य बेलैमा सचेत हुनु आवश्यक छ।

विगत केही दशकदेखि सार्वजनिक मिडिया र राजनीतिक बहसमा सामाजिक, राजनीतिक र आर्थिक विकासको रूपान्तरणकारी शक्तिका रूपमा युवालाई अघि सारिएको छ। राजनीतिक दलले भोट बैङ्कका रूपमा मात्रै युवालाई बुझे जस्तो लाग्छ। युवालाई भोट बैङ्क होइन, विकास निर्माणमा सारथी बनाउने नीति तथा कार्यक्रम ल्याउनु पर्छ। युवालाई देश निर्माणको अभियानमा लगाउने कार्यक्रम तिनै तहका सरकारले ल्याउन ढिला गर्नु हुन्न। युवा जनसंख्याका साझा समस्या शिक्षा, स्वास्थ्य, रोजगारी र वातावरणीय मुद्दाको एकमुष्ट सम्बोधन हुने नीति नबनुन्जेल पलायन रोक्न चुनौतीपूर्ण नै देखिन्छ। युवालाई देशमै रोक्न सरकारसँगै निजी क्षेत्रले पनि पहल गर्नु पर्छ। राज्यले ल्याउने हरेक कार्यक्रममा निजी क्षेत्रको सहयोग हुनु पर्छ। राज्यले पनि निजी क्षेत्रलाई सहज हुने खालका नीति ल्याउनु पर्छ। ऐन नियममा भएका वाधा अड्चन फुकाइदिनु पर्छ। निजी क्षेत्रको साथ र सहयोग लिएर मुलुकलाई औद्योगिकीकरणको मार्गमा लैजान राज्यको विशेष जिम्मेवारी हुन्छ। त्यो जिम्मेवारी पूरा गर्न सकियो भने युवा पलायनको क्रम केही मात्रामा भए पनि रोकिन सक्छ। यसको थालनी आजैबाट गरौँ। दुई ठुला दल सरकारमा रहेकाले नयाँ नीति र कार्यक्रम ल्याउन कोही कसैबाट बाधा अड्चन देखिँदैन। यो अवसरको सही सदुपयोग गर्न सके मुलुकले त्राण पाउने छ।

# अर्थतन्त्रमा निजी क्षेत्रको योगदान



• कृष्णमणि पराजुली

नेपालमा अहिले अधिकांश समय विकास, प्रशासन र अर्थतन्त्रमा बहस हुने गरेको छ। विकास बहस गर्दैमा आउँदैन। प्रशासन प्रभावकारी नभई जनताले सहज रूपमा सेवा पाउन सक्दैनन्। अर्थतन्त्रमा सुधार नगरी जनताको जीवनस्तर माथि उठाउन सकिँदैन। यी क्षेत्रको विकासका लागि हामी सधैँ बहस गरिरहेका हुन्छौँ। राजनीतिज्ञ, विकासविद्, प्रशासक, अर्थशास्त्री सबैले नै बहस, तर्क र सुझाव दिइरहेका हुन्छन्। समस्या के हुन् र तिनीहरूको निराकरणका उपाय पनि सुझाइएका हुन्छन्। यति हुँदाहुँदै पनि देशको अवस्थामा सुधार हुन सकेको छैन। यो नै अहिलेको देशको मूल समस्या हो।

विकासले आर्थिक पक्षसँग बढी सरोकार राखेको हुन्छ। राष्ट्रिय अर्थतन्त्र बलियो हुन सक्यो भने समृद्धिका चरण अघि बढ्न सक्ने हुन्छन्। अर्थतन्त्रमा सुधारै नभएको पनि होइन। सुधार भएको छ तर धीमा गतिमा। विडम्बना के छ भने हामी यही धीमा गतिमा रमाइरहेका छौँ। तीव्र गतिमा जानै सकेका छैनौँ र प्रगतिको बाधक यही नै हुन गएको छ।

समृद्ध अर्थतन्त्रका लागि आवधिक योजना पनि सञ्चालनमा ल्याएका छौँ। अहिले सोह्रौँ पञ्चवर्षीय योजनामा देश पुगेको छ। देशले धेरै लगानी गरेको छ। विभिन्न अन्तर्राष्ट्रिय संघ संस्था र दाता मुलुकले सहुलियत ऋण, अनुदान र अन्य सहयोग उपलब्ध गराइरहेको अवस्था छ। राज्यले उठाउनुपर्ने कर र सेवा शुल्क पनि उठाइरहेको छ। आवश्यक पर्ने प्राविधिक र प्रशासनिक जनशक्ति पनि देशभित्रै उपलब्ध छ।

देशको अर्थतन्त्र सुदृढ बनाउन ठुलो भूमिका र योगदान दिने क्षेत्र भनेको निजी क्षेत्र हो। कुल आर्थिक संरचनामा निजी क्षेत्रको योगदान ८१ प्रतिशतको हाराहारीमा रहेको छ। बाँकी १९ प्रतिशत मात्र सार्वजनिक क्षेत्रले ओगटेको छ। यसको अर्थ राष्ट्रिय अर्थतन्त्रमा सरकारी क्षेत्रको योगदान न्यून र निजी क्षेत्रको योगदान धेरै छ।

निजी क्षेत्रको यति ठुलो भूमिका हुँदाहुँदै पनि यही क्षेत्र अहिले ओझेलमा परेको देखिन्छ। खास गरेर २०७२ सालको भूकम्प, आर्थिक नाकाबन्दी, कोभिड-१९ को सन्त्रास, रुस-युक्रेन युद्ध, मध्यपूर्वमा संघर्ष, अन्तर्राष्ट्रिय बजारमा मूल्यवृद्धि जस्ता विषयले विश्व अर्थतन्त्रमा नै समस्या भएको अवस्थामा त्यसको असर नेपालको अर्थतन्त्रमा पर्नु स्वाभाविक थियो र यसै कारण अहिले पनि अर्थतन्त्र शिथिल अवस्थामा छ।

देशको अर्थतन्त्रमा निजी क्षेत्रको भूमिका महत्वपूर्ण भए पनि अहिले उपेक्षित भएको देखिन्छ। आन्तरिक अर्थतन्त्र प्रभावकारी नहुने हो भने समग्र अर्थतन्त्रमा सुधार आउन सक्दैन र आन्तरिक अर्थतन्त्रलाई बलियो बनाउने काम पनि निजी क्षेत्रको नै हो। अहिले आन्तरिक उत्पादन ज्यादै न्यून छ। कुल क्षमताको ४० प्रतिशत मात्र उत्पादन भएको छ र बाँकी ६० प्रतिशत निष्क्रिय छ। ४० प्रतिशत उत्पादनले उत्पादन लागत र चालु खर्चसमेत धान्न नसकेको अवस्था छ।

अहिले बजारमा माग नै सिर्जना हुन सकेको छैन। औद्योगिक वातावरण नभएकाले भइरहेको रोजगारी पनि घट्दै गएको छ र नयाँ सिर्जना हुने त अवस्था नै छैन। मानिस पैसाविहीन हुँदै गएको छ। आधारभूत आवश्यकता परिपूर्ति हुन नसकेकाले मानिसको हातमा पैसाको अभाव छ। त्यस कारण बजारमा माग नभएकाले गर्दा उद्योगधन्दा कलकारखाना अस्तव्यस्त भएका छन्। आन्तरिक उत्पादन न्यून हुँदै गएकाले आयातित वस्तुले आवश्यकता पूर्ति भइरहेको छ। एकातिर आयातित वस्तु महँगो हुन्छ भने अर्कोतिर आयातित वस्तुको कारणबाट स्वदेशी उद्योग पनि धरासायी भएका छन् र कतिपय उद्योग बन्द हुने अवस्थामा छन्। यसरी अर्थतन्त्रमा ठुलो योगदान दिने निजी क्षेत्रको अवस्था कमजोर हुँदै गएकाले यसमा सुधारको आवश्यकता देखिन्छ।

आन्तरिक उत्पादन कमजोर भएको कारणले गर्दा चोरी निकासी बढ्दै गएको छ। सरकारले आयातमा रोक लगाएका वस्तु पनि बजारमा छ्यापछ्याप्ती पाइन्छन्। यसले गर्दा आन्तरिक उत्पादनमा असर गरेको छ भने अर्कोतिर सरकारको राजस्वमा पनि असर पारेकै छ। यसको अतिरिक्त अनौपचारिक अर्थतन्त्र हाबी हुने जोखिम पनि त्यत्तिकै छ।

आन्तरिक उत्पादन ह्रासोन्मुख हुँदै जानुमा हाम्रा दुई ठुला देशमा भएका उत्पादनले पनि असर पारेको छ। आधुनिक विज्ञान तथा प्रविधिको विकासले गर्दा छिमेकी दुई ठुला देश भारत र चीनमा उत्पादित वस्तुको उत्पादन लागत हामीले उत्पादन गरेका वस्तुको तुलनामा निकै सस्ता छन्। सस्तो, राम्रो र टिकाउको कारणले गर्दा विदेशी वस्तु नै ग्राहकको रोजाइमा परेका छन्। स्वदेशी उत्पादनले विदेशी वस्तु आयातलाई विस्थापित गर्नुपर्नेमा आयातित वस्तुले स्वदेशी वस्तुलाई विस्थापित गरिरहेकाले आन्तरिक उत्पादन फस्टाउन नसकिरहेको अहिलेको अवस्था हो।

अहिले बैङ्क तथा वित्तीय संस्थामा सात खर्बभन्दा बढी लगानीयोग्य तरलता थुप्रिएको छ। बैङ्कले कर्जा प्रवाह गर्न नसकेको हुँदा नेपाल राष्ट्र बैङ्कले बेला बेलामा नगद प्रशोचन गरेको छ। बैङ्कहरूले निक्षेपकर्तालाई ब्याज दिनुपर्ने भएकाले नगद व्यवस्थापनमा चुनौती थपिएको छ। प्रत्येक महिना बैङ्क तथा वित्तीय संस्थाले ब्याजदर घटाउँदै गएका छन्। अहिले एकल अङ्कमा कर्जाको ब्याजदर आइपुगे पनि उद्योगी तथा व्यवसायीले कर्जा लिन आँट गरेका छैनन्। बजारमा वस्तुको माग नभएकाले एकल दरको ब्याजदरमा पनि कर्जा स्वीकार गर्न नसकिने उनीहरूको भनाइरहेको छ।

कर्जा लिन आउने उद्योगी तथा व्यवसायी कमी भएकाले बैङ्कहरूले कर्जा प्रवाहका लागि ग्राहकलाई तानातान गरिरहेका समाचार आई नै रहेका छन्। यसरी नै बैङ्क तथा वित्तीय संस्थाको अवस्था हुने हो भने देशको अर्थतन्त्र झनै ओरालो लाग्न सक्छ। बैङ्कमा पैसा थुप्रिनु र निजी क्षेत्रले कर्जा माग नगरिँदा अर्थतन्त्र चलायमान हुन सक्दैन। त्यस कारण अहिले निजी क्षेत्रमा देखिएको निरासालाई न्यूनीकरण गर्न नीतिगत तथा अन्य सुधारात्मक कार्यका लागि सरकारले अविलम्ब कदम चाल्नु पर्छ।

अहिले आयात निर्यात दुवै घट्दै गएको छ। यसले गर्दा व्यापार घाटा नदेखिए पनि अर्थतन्त्रका लागि राम्रो अवस्था होइन। आन्तरिक उत्पादन बढाएर निर्यातमा वृद्धि गर्नुपर्ने हो। हामीले एक रुपियाँको सामान निर्यात गर्दा १० रुपियाँको आयात गरेका हुन्छौँ। यस्तो अवस्था बढ्दै जाने हो भने अबको अर्थतन्त्रमा झनै निरासा आउन सक्छ।

देशका करिब ६० लाखभन्दा बढी सक्रिय युवा जनशक्ति रोजगारीका लागि विदेश पलायन भएको छ। उनीहरूले पठाएको पैसाले घर परिवारको खर्च टरेको छ। भनिन्छ विप्रेषणको पैसाले नै अर्थतन्त्र धानिएको छ। विदेशी मुद्रा सञ्चितिको ठुलो आय स्रोत विप्रेषण नै हुन गएको छ। अहिले करिब २२ खर्ब रुपियाँ सञ्चिति भएको छ। यो रकमले १८ महिनाको आयात धान्न सक्ने देखिन्छ। यसरी आएको रकम उत्पादनशील क्षेत्रमा लगानी हुन सकेको छैन। विप्रेषणको करिब ६८ प्रतिशत उपभोगमा नै खर्च हुने गरेको छ। विप्रेषणको रकम निजी क्षेत्रबाट सञ्चालन हुने उद्योगधन्दामा लगानी गर्न सकिएको भए निजी क्षेत्रमा केही सुधार आउन सक्ने थियो। अहिले त्यो अवस्था नभएकाले पनि निजी क्षेत्र कमजोर हुँदै गएको देखिन्छ।

अहिले बजारमा पैसा देखिँदैन। किनभने उद्योगधन्दा सञ्चालनमा छँदै छैनन् भने पनि हुन्छ। उनीहरूलाई सञ्चालन खर्च जोगाउन पनि मुस्किल छ। उत्पादन क्षमता कमजोर भएकाले रोजगारी खस्कँदै गएको छ। रोजगारी नभए पछि मानिसको हातमा पैसा हुँदैन र परिणामस्वरूप उत्पादित वस्तुले बजार पाउन सक्दैन। बजारको अभाव भएपछि उत्पादनकर्ता निरुत्साहित हुन्छन्। यस्तो अवस्थामा निजी क्षेत्र अगाडि बढ्न सकेको हुँदैन। अहिले यही अवस्था देखिएको छ।

एकल अङ्कमा पनि कर्जा लिन नसक्ने निजी क्षेत्रको अवस्थामा राज्यको तर्फबाट निजी क्षेत्रलाई उकास्न सुधारका कार्यक्रम ल्याउनु पर्छ। लामो समयसम्म सार्वजनिक निर्माण व्यवसायीले गरेको कामको भुक्तानी नभएको भन्ने गुनासाको सम्बोधन नभएको अवस्था छ। ठुलो रकम यसरी थुनिँदा निर्माण कार्य सञ्चालन गर्न नसकिएको निर्माण व्यवसायीले नै भनिरहेका छन्। अर्कोतर्फ घर जग्गा व्यवसायमा निजी क्षेत्रको ठुलो रकम फसिरहेको अवस्था छ। सेयर बजारमा अहिले सुधारोन्मुख देखिए पनि यसलाई निरन्तरता दिनु उत्तिकै आवश्यक छ। निजी क्षेत्रबाट सञ्चालन भइरहेका यी कार्यलाई

❖ बाँकी तेस्रो पृष्ठमा

# सन् २०२४ नेपाली राजनीतिका लागि दुःखद

झापा । इस्वी सन् २०२४ लाई राजनीतिक दृष्टिकोणबाट नियाल्दा नेपाली जनताका लागि त्यति सुखद रहेन। यो वर्ष पनि जनता विगतमा जस्तै प्रमुख राजनीतिक दलहरूले देखाएका सत्ता अदलबदलको रमिता हेरेर बस्नुपऱ्यो।

प्रमुख राजनीतिक दलहरूको सत्तालिप्साका कारण यो एक वर्षभित्र तीनपटक सत्ता समीकरण फेरियो। त्यससँगै प्रधानमन्त्री, मन्त्री तथा मुख्यमन्त्री मात्रै फेरिएनन्, संवैधानिक निकाय र कूटनीतिक नियोगहरूमा पनि आफू अनुकूलकै व्यक्तिलाई अवसर प्रदान गरियो।

सत्ता स्वार्थको शृंखलाबद्ध लडाइँ

सन् २०२४ को सुरुवातमा नेपाली कांग्रेस र माओवादी केन्द्रबीचको गठबन्धन सरकार थियो। २०७९ मंसिरको आमनिर्वाचनपछि १० पुसमा बनेको एमाले-माओवादी गठबन्धन टुटेपछि उक्त गठबन्धन बनेको थियो।

तर कांग्रेस-माओवादी गठबन्धन सन् २०२४ सुरु भएको दुई महिनामै भत्कियो। एमालेको निरन्तरको प्रयासपछि २१ फागुन २०८० मा फेरि कांग्रेसलाई 'आउट' गरेर एमाले-माओवादी सत्तामा उक्लिए।

सत्ता सहयात्री फेरेका तत्कालीन प्रधानमन्त्री एवं माओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले कांग्रेसका कारण सरकारले नै अपेक्षित गति लिन नसकेको, पटक-पटक कोशीमा घात भएको, जनयुद्धको जगमा उभिएको संघीयतामा मोजमस्ती गरे पनि जनयुद्धलाई अपमान गरेको, हिन्दु राष्ट्र स्थापनाको मुद्दामा काँध थाप्न लागेको र गठबन्धनमा रहेर गठबन्धनविरोधी निर्णय पारित गरेको जस्ता अनेकौँ आरोप थोपरे।

कांग्रेसले विभिन्न तवरले सरकार र माओवादीविरुद्ध भाँजो हाल्ने काम गर्दा एमालेले 'रिअलाइजेसन' गरेर आएकाले नयाँ गठबन्धन निर्माण भएको प्रचण्डको प्रष्टोक्ति थियो।

सरकारबाहिर जानुपर्ने परिस्थिति टार्ने प्रयास कांग्रेसले पनि हरसम्भव प्रयास नगरेको होइन। माओवादीसँग बदला लिन उसले अन्तिम अवस्थामा पनि एमालेलाई सत्ता सहकार्यको प्रस्ताव गरेको थियो। प्रचण्डले थप सहकार्य गर्न नसकिने अन्तिम जवाफ दिएपछि देउवाले ओलीनिवास बालकोटमा आफ्ना दूत पठाएका थिए।

ओलीलाई नै प्रधानमन्त्री बनाउने गरी कांग्रेसले प्रस्ताव गरे पनि त्यसलाई ओलीले बेवास्ता गरेपछि कांग्रेसको प्रयास असफल भएको थियो। देशको ठूलो दल भएर पनि सत्ताबाहिर रहनुपर्दाको पीडा कांग्रेसमा कम थिएन। कांग्रेस नेताहरूले माओवादीविरुद्ध आक्रोश पोखेर त्यो पीडा व्यक्त गर्ने गर्थे। उनीहरूको निष्कर्ष थियो-माओवादीबाट धोका भयो।

कांग्रेसलाई पाखा लगाएर मिलेका एमाले-माओवादीबीच बाँकी कार्यकालको आधा सरकारको नेतृत्व गर्ने सहमति थियो। सुरुवातका दिनमा एमाले-माओवादीले पुनः वाम ध्रुवीकरणको थालनी भएको बताउँदै २०८४ सम्म नै गठबन्धन नटुट्ने दाबी गर्थे। उनीहरूलाई राष्ट्रिय स्वतन्त्र पार्टी, एकीकृत समाजवादीलगायतका दलहरूको साथ थियो।

तर त्यो गठबन्धन पनि पुनः चार महिनामै भत्कियो। त्यसपछि भने विगतमा सत्ता सहयात्री फेरी फेरी करिब डेढ वर्ष सत्तामा टिकेका प्रचण्ड नै आउट भए । संसदीय मान्यताविपरीत पहिलो र दोस्रो दल कांग्रेस-एमाले मिलेर दुईतिहाइ शक्तिशाली सरकार बनाए।

आफूहरूको मिल्नुको औचित्य प्रष्ट्याउँदै उनीहरूले भन्ने गरेका छन्- राजनीतिक स्थिरताका लागि। स्थायित्वकै लागि भनेर उनीहरूले संविधान संशोधनको विषय पनि अघि सारेका छन्।

त्यसका साथै अर्थतन्त्र सुधार, चुस्त सेवा प्रवाह, भ्रष्टाचार नियन्त्रणलगायतका विषय उनीहरूले चर्को रूपमा उठाउँदै आएका छन्। तथापि यो वर्षको सकिँदै गर्दा सत्तामा रुमलिरहेका कांग्रेस-एमालेको आलोचना बेसी भइरहेको छ।

असोजको विपत्तिमा चुकेयता सरकारको आलोचना बढेको हो। सरकारले काम गर्न नसक्दा असोज १० गते रातिदेखि परेको भीषण वर्षापछिको बाढीपहिरोमा सयौँले ज्यान गुमाए, दर्जनौँ बेपत्ता र घाइते भए भने सयौँ घरबारविहीन बने।

विपत्तिबाट त्यसरी ठूलो जनधनको क्षति हुनुमा सरकार नै मुख्य जिम्मेवार रहेको आमबुझाइ छ। पूर्वतयारी नगरेको सरकार आफैभित्रको समन्वय तथा विपद्का वेला राज्य संयन्त्र परिचालन र उद्धारमा पनि चुकेको निष्कर्ष निकाल्दै धेरैले सरकारको आलोचना गरेका थिए।

राष्ट्रियसभा निर्वाचन र दुई उपनिर्वाचन

सन् २०२४ भित्र नेपालमा राष्ट्रियसभा निर्वाचन र दुई उपनिर्वाचन भए। १९ सिटका लागि माघ ११ गते भएको निर्वाचनमा तत्कालीन सत्ता गठबन्धनमा रहेका कांग्रेस, माओवादी, एकीकृत समाजवादी लगायतका दलहरूबीच तालमेल भयो भने एमाले एक्लै लड्यो।

शून्य नतिजा हात लाग्ने भयले एमालेले सत्ता गठबन्धनसँग सौदाबाजी गर्नसम्म भ्यायो। उसले मिलेर जाने प्रस्तावसहित १९ मध्ये ६ सिट मागे थियो तर कुरा नमिलेपछि अन्ततः एक्लै लडेर एक सिट ल्यायो।

बाँकी १८ सिटमा तत्कालीन सत्ता गठबन्धनले जित्यो। त्यसमध्ये कांग्रेसले १०, माओवादीले ५, एकीकृत समाजवादीले २ र जसपा नेपालले १ सिट हात पारे। कार्यकाल सकिएका २० मध्ये एक सिटमा एमालेकी अञ्जना शाक्य राष्ट्रपतिबाट मनोनित भइन्।

उक्त नतिजासँगै राष्ट्रियसभामा दलहरूको हैसियत पनि फेरियो। १८ सांसदसहित माओवादी राष्ट्रियसभाको ठूलो दल बन्दा १६ सांसदसहित कांग्रेस दोस्रो बन्यो। तेस्रो स्थानको एमालेका ११ सांसद छन्।

स्थानीय तहका प्रमुख तथा उपप्रमुख र प्रदेश सांसद मतदाता रहने राष्ट्रियसभा निर्वाचनलाई स्वतन्त्र रूपमा निर्वाचित तीन चर्चित मेयरहरूले भने बहिष्कार गरे। काठमाडौँ महानगरपालिकाका बालेन्द्र साह, धरान उपमहानगरका हर्क साम्पाङ र धनगढीका मेयर गोपी हमालले मतदान गरेनन्।

यही वर्ष प्रतिनिधि तथा प्रदेशसभा उपनिर्वाचन भयो। राष्ट्रियसभा निर्वाचन सुखद नरहे पनि प्रतिनिधि तथा प्रदेशसभा उपनिर्वाचन एमालेलाई फाप्यो।

संविधानसभा अध्यक्षसमेत रहेका एमाले उपाध्यक्ष सुवास नेम्वाङको निधनपछि इलाम २ र कांग्रेसका पृथ्वीबहादुर सिंहको निधनपछि १५ वैशाख २०८१ मा उपनिर्वाचन भएको थियो। यी दुवै ठाउँमा माओवादीको सहारामा एमालेले बाजी माऱ्यो।

यो वर्षको अन्त्यतिर (डिसेम्बर १) अर्थात् १६ मंसिरमा स्थानीय तह उपनिर्वाचन पनि भयो। यो उपनिर्वाचन ठूलो दल कांग्रेसलाई भस्काउने, प्रतिपक्षी माओवादीलाई उत्साहित तुल्याउने र एमालेका लागि सन्तोषजनक रह्यो।

कुल ४४ पदका लागि भएको उपनिर्वाचनमा कांग्रेसले आवधिक निर्वाचनमा जितेकामध्ये ७ पद गुमायो। माओवादीले उपनिर्वाचनमार्फत दुई सिट थप्दै ११ मा बाजी मार्दा तेस्रो बनेको एमालेले ८ पद जित्यो।

राष्ट्रियसभामा नयाँ नेतृत्व

सन् २०२४ ले राष्ट्रियसभालाई नयाँ नेतृत्व पनि दिलायो। ६ वर्षे कार्यकाल सकिएसँगै गणेशप्रसाद तिमिल्सिना बिदा भएपछि माओवादीका नारायण दाहाल राष्ट्रियसभाका नयाँ अध्यक्ष निर्वाचित भए।

२९ फागुन २०८० मा भएको मतदानमा दाहालले ३९ र विपक्षमा १७ मत मात्र पऱ्यो। मतदानमा ५६ जना सांसद उपस्थित थिए। दाहाललाई तत्कालीन सत्ता गठबन्धनमा रहेका एमाले, माओवादी केन्द्र, एकीकृत समाजवादी र जसपाले समर्थन गरेका थिए।

राष्ट्रियसभाले यो वर्ष नयाँ उपाध्यक्ष पनि पायो। अध्यक्ष पाएसँगै माओवादीकी उर्मिला अर्यालले उपाध्यक्षबाट राजीनामा दिएपछि २८ चैतमा भएको निर्वाचन भयो। उक्त निर्वाचनबाट एमालेकी विमला घिमिरे उपाध्यक्ष निर्वाचित भइन्। उनलाई एमालेसहित माओवादी केन्द्र, जसपा र नेकपा एकीकृत समाजवादीका सांसदले मत दिएका थिए।

संक्रमणकालीन न्यायमा 'कानुनी ब्रेकथ्रु'

विस्तृत शान्ति सम्झौताको करिब १८ वर्षपछि सन् २०२४ मा संक्रमणकालीन न्यायको 'कानुनी ब्रेकथ्रु' भयो। शान्ति प्रक्रियाकै वेला भएको सम्झौतानुसार ६ महिनामा गर्नुपर्ने कामका लागि ८ वर्षपछि विसं २०७१ मा संक्रमणकालीन न्यायसम्बन्धी ऐन बन्यो। तर गम्भीर मानवअधिकार उल्लंघनका दोषीलाई आममाफी दिने प्रावधान राखिएपछि यो विषय विवादमा तानियो।

त्यसपछि ऐनको उक्त व्यवस्थालाई बदर गर्दै सर्वोच्च अदालतले त्यसमा संशोधन गर्न आदेश दिएको थियो। सर्वोच्चको आदेशपछि टिआरसी ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयक लामो समय गिजोलियो।

लामो समय अड्काइँदा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरबाट बढेको दबाब थेगिनसक्नु भएपछि यससम्बन्धी कानुन संशोधनमा दलहरू समत भए। साउन ३० मा प्रतिनिधिसभा र ६ भदौमा राष्ट्रियसभाबाट पारित भएको टिआरसी संशोधित ऐन भदौ १३ मै राष्ट्रपतिबाट प्रमाणीकरण पनि भयो। फेरि दलीय स्वार्थ हाबी हुँदा कार्यान्वयनको पाटो भने अघि बढ्न सकेको छैन।

२०७९ असारदेखि पदाधिकारीविहीन भएका सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन आयोगमा पदाधिकारी नियुक्तिका लागि सरकारले कात्तिक २ मा सिफारिस समिति बनायो। पूर्वप्रधान्यायाधीश ओमप्रकाश मिश्रको अध्यक्षतामा बनेको समितिले काम पनि गऱ्यो। यद्यपि दलीय उल्झनकै कारण उक्त समिति पदाधिकारी सिफारिस गर्न असफल भयो भने उसले पुनः नयाँ प्रक्रिया थाल्न सरकारलाई सुझाव दिएको छ तर सरकारले यसलाई प्राथमिकता नदिँदा पीडितले न्याय पाउन अझै कतिवटा अंग्रेजी तथा नेपाली नयाँ वर्षहरू कुर्नुपर्ने हो थाहा छैन।

भीआईपीमाथि भ्रष्टाचार, ठगी र मानव तस्करीको आरोप

सन २०२४ मा थुप्रै भीआईपीहरूमाथि भ्रष्टाचार, ठगी तथा मानव तस्करीको आरोप लाग्यो। पूर्व उपप्रधानमन्त्री एवं गृहमन्त्रीसमेत रहेका रास्वपा सभापति रवि लामिछाने सहकारी ठगी प्रकरणमा अहिले पनि प्रहरी हिरासतमै छन्।

गृहमन्त्री रहेकै वेला कांग्रेसको प्रयासमा गठित संसदीय विशेष छानबिन समितिको प्रतिवेदनले उनको संलग्नता देखाएपछि लामिछाने पक्राउ परेका हुन्। आधा दर्जन सहकारीको बचत रकम अपलचन गरेको आरोपमा उनीविरुद्ध अदालतमा मुद्दा दायर भइसकेको छ।

रास्वपा पृष्ठभूमिबाटै उपसभामुख रहेकी इन्दिरा रानामाथि मानव तस्करीको आरोप लाग्यो। अमेरिकाको न्यूयोर्कमा आयोजित एनजीओ 'सिएसडब्ल्यू-६७' फोरमको कार्यक्रम सहभागी हुन जाने क्रममा उनले युवाहरूलाई भिसा दिन भन्दै उपसभामुखको लेटरप्याडबाट दूतावासलाई लेखेको पत्र लेखेपछि उनीविरुद्ध त्यो आरोप लागेको थियो।

उपेन्द्र गौतम, सुष्मा लामा, राजेश लामा तामाङ, सुजन घर्तीमगर र धनप्रसाद गुरुङलाई रानाले भिसा दिन भन्दै अमेरिकी दूतावासलाई लेखेको पत्र नै सार्वजनिक भएको थियो। त्यसबापत उनले रकम लिएको आरोप पनि लागेको थियो।

यसलाई लिएर संसद्मा चर्कै आवाज उठ्यो। उपसभामुख रानालाई हटाउनेसम्मको तयारी कांग्रेस-एमालेले नगरेका पनि होइनन् तर उनीहरूकै आन्तरिक स्वार्थ नमिल्दा उपसभामुख राना जोगिन सफल भइन्।

कोशी प्रदेशका तत्कालीन आन्तरिक मामिला तथा कानूनमन्त्री लीलाबल्लभ अधिकारीले पनि केही युवालाई लाखौं असुलेर जापान पुऱ्याउने प्रयास गरेको विषय बाहिरिएको थियो। अधिकारीले दुईजनालाई मन्त्रालयकै कर्मचारी र एकजनालाई वडासदस्यको नक्कली परिचयपत्र बनाएर आफैसँग जापान उडाएका पनि थिए।

आर्ट्स काउन्सिल टोकियोले आयोजना गरेको 'कल्चर एट होम' कार्यक्रममा सहभागी बन्न भनेर १३ कार्तिकमा अधिकारीसहितको टोली जापान उडेको थियो। अधिकारीले रसुवाको कालिका-५ का २२ वर्षीय कञ्चन देवकोटा र खोटाङको केपिलासगढी गाउँपालिका-४ का जनक राईलाई मन्त्रालयकै कर्मचारी र खोटाङकै ऐंसेलुखर्क गाउँपालिका-२ का ३६ वर्षीय दावा शेर्पालाई वडासदस्यको परिचयपत्र बनाएर जापान पुऱ्याएका थिए।

तर अधिकारीसँगै जापान पुगेकाहरूको कागजात शंकास्पद देखिएपछि सबैलाई जापानको अध्यागमनले विमानस्थलबाटै फिर्ता गरिदियो।

प्रदेशका मन्त्री पनि विदेश भ्रमणमा जाँदा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत परराष्ट्र मन्त्रालयको स्वीकृति लिनुपर्ने हुन्छ तर अधिकारीले संघीय सरकारबाट स्वीकृत लिनु त परको कुरा, आफ्नै मुख्यमन्त्रीलाई थाहा नदिई विदेश उडेका थिए। मानवतस्करीमा संलग्न रहेको विषय बाहिरिएपछि उनले मन्त्री पदबाट राजीनामा दिएका थिए। यद्यपि उनलाई सत्ता र शक्तिको आडमा मुद्दा दायर भने नगरिएको भन्दै सर्वत्र आलोचना भयो।

नेपाल दूरसञ्चार प्राधिकरणका लागि टेरामक्स प्रविधिका उपकरण खरिदमा भ्रष्टाचार गरेको आरोपमा पूर्वमन्त्रीद्वय मोहनबहादुर बस्नेत र ज्ञानेन्द्रबहादुर कार्कीले यही वर्ष अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बयान दिए। करिब ३ अर्ब रुपैयाँका उपकरण खरिद प्रकरणको अनुसन्धानमा तानिएका कांग्रेस नेताद्वयसँग २०८० फागुन अन्तिम साता अख्तियारले बयान लिएको थियो।

पहिला अख्तियारले पटक-पटक ताकेता गर्दा पनि उनीहरू बयानमा गएका थिएनन् । पछिल्लो पटक अख्तियारले पुनः लिखित पत्र काटेपछि मात्रै बयान दिन पुगेका थिए। यसबाहेक अन्य भीआईपीहरूमाथि पनि भ्रष्टाचार आरोप छ।

प्रधानमन्त्रीसमेत रहेका एमाले अध्यक्ष ओलीमाथि गिरिबन्धु टिस्टेटको जग्गा प्रकरण, कांग्रेस सांसदसमेत रहेका उद्योगपति विनोद चौधरीमाथि बाँसबारी छालाजुत्ता कारखानाको जग्गा हडपेको, परराष्ट्रमन्त्रीमेत रहेकी कांग्रेस सभापति शेरबहादुर देउवा पत्नी आरजु राणामाथि टीकापुर बजार क्षेत्रको सरकारी जग्गा हडपेको लगायत आरोप छ।

यद्यपि उनीहरूमाथि कडा अनुसन्धान तथा कारबाही भने हुन सकेको छैन। सत्ता र शक्तिको आडमा सबै ढाकछोप गर्ने गरेको आरोप उनीहरूमाथि लाग्ने गरेको छ।

### सक्रिय राजनीतिमा पूर्वराष्ट्रपति र उपराष्ट्रपतिको नजर

पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी र पूर्वउपराष्ट्रपति नन्दकिशोर पुनले सक्रिय राजनीतिमा नजर लगाएका छन्। दुईपटक उपराष्ट्रपति भइसकेका पुन सक्रिय राजनीतिमा फर्कने करिब पक्का छ। पूर्वजनमुक्ति सेनाका कमाण्डरसमेत रहेका उनी २०७२ कार्तिकदेखि ०७९ फागुनसम्म निरन्तर दुई कार्यकाल उपराष्ट्रपति रहेका थिए।

उपराष्ट्रपति निर्वाचित भएपछि पार्टीबाट अलग भएका पुन अब माओवादी केन्द्रमै फर्कने पक्का छ। उनी पार्टी बैठकतिर समेत सहभागी हुन थालेका छन्। उनी कार्तिक २६ गते अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' निवास खुमलटारमा बसेको माओवादी पदाधिकारी बैठकमा पुगेका थिए।

पूर्वराष्ट्रपति भण्डारी पनि सक्रिय राजनीतिमा फर्कन गृहकार्यमा छिन्। राष्ट्रपतिबाट बिदा भएपछि उनी राजनीतिक भेटवार्ता तथा कार्यक्रममा व्यस्त हुने गरेकी छन्। स्वयंले यसबारे मुख नखोले पनि भण्डारीको सक्रियता र अभिव्यक्तिहरूले उनी सक्रिय राजनीतिमा फर्कन लागेको स्पष्ट दर्शाउँछ। लगातार दुई कार्यकाल राष्ट्रपति भएर २०७९ फागुनमै बिदा भएकी भण्डारीले एमालेको पार्टी सदस्यतासमेत नवीकरण गराइसकेकी छन्।

### माओवादीमा जनार्दनको प्रश्न

लामो समय पार्टीमा एकछत्र राज गर्दै आएका माओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'विरुद्ध उपमहासचिव जनार्दन शर्माले आवाज उठाएको विषय पनि यो वर्ष चर्चामा रह्यो। प्रचण्डको कार्यशैली र कदमविरुद्ध विगतमा केही युवा नेताहरूले प्रश्न गरे पनि त्यसलाई नजरअन्दाज गर्दै आएको प्रचण्डको एकपछि अर्को निर्णयमा शर्माले विमति जनाए। १६ फागुनमा माओवादी स्थायी कमिटी बैठकमा उपमहासचिव शर्माले नेताहरूको कार्यविभाजनप्रति लिखित रूपमै फरक मत दर्ज गरे। संगठनलाई व्यवस्थित र प्रभावकारी बनाउने गरी कार्यविभाजन नगरिएको उनको तर्क थियो। सुदूरपश्चिम प्रदेशका निवर्तमान इन्चार्जसमेत रहेका स्थायी समिति सदस्य खगराज भट्टको जिम्मेवारी खोस्नुका साथै 'सिनियर' नेताहरूलाई छाडेर अध्यक्ष प्रचण्डको परिवारका सदस्यलाई जिम्मेवारी दिइएपछि त्यसविरुद्ध उपमहासचिव शर्माले मुख खोलेका हुन्।

राष्ट्रियसभा अध्यक्ष बन्नुअघि अध्यक्ष प्रचण्डका भाइ नारायण दाहाललाई बागमतीको इन्चार्ज बनाउन लागिएकामा उनकै विरोध पछि रोकिएको थियो।

सत्ता बहिर्गमनपछि पहिलो पटक २५ साउन २०८१ मा बसेको स्थायी समिति बैठकमा शर्मा थप कडा रूपमा प्रस्तुत भए। उनले प्रचण्डलाई सिधै नेतृत्व छाड्न सुझाएपछि माओवादीमा तरंग नै पैदा भयो।

शर्माले पेस गरेका लिखित प्रस्तावमा पार्टीलाई नयाँ परिस्थितिअनुसार रूपान्तरण गर्न नयाँ पुस्तालाई नै जिम्मेवारी सुम्पनुपर्ने माग गरेका छन्। त्यसका लागि उनले तीन विकल्पसमेत दिएका छन्।

पहिलो : सत्ताको नेतृत्व गर्ने जिम्मेवारीसहित वैचारिक तथा सांगठनिक काम गर्न प्रचण्डले चाहेकै व्यक्तिलाई हस्तान्तरण गर्ने, दोस्रो : प्रचण्ड संरक्षकको भूमिकामा रही वैचारिक पदाधिकार र सत्ताको नेतृत्व गर्ने र हालका पदाधिकारीहरू सल्लाहकारको भूमिका रही विभागीय, अनुगमन, मूल्यांकन तथा प्रशिक्षण गर्ने र तेस्रो पुस्तालाई कार्यकारी सांगठनिक नेतृत्व हस्तान्तरण गर्ने वा तेस्रो : हालको केन्द्रीय कमिटी भंग गरेर प्रचण्डकै संयोजकत्वमा महाधिवेशन आयोजक समिति बनाई महाधिवेशनबाट प्रत्यक्ष निर्वाचनबाट नेतृत्व चयन गर्ने गरी मिति तोक्ने।

उपमहासचिव शर्माले सीमान्तकृत वर्गसँग पार्टी संगठन अलग भएको, नेतासँग पद र सुविधा भए पनि कार्यकर्तामा अभाव र पीडा मात्रै रहेको, पार्टीमा परिवारवाद हाबी भएको, राज्यसत्ताको दुरुपयोग गरिएको र फरक मतको सम्मान नभएको जस्ता समस्या औँल्याएका छन्। उनले समस्या समाधानका लागि नेतृत्व हस्तान्तरणसहित अन्य उपाय पनि सुझाएका छन्।

### एमालेमा विरोधीको पत्तासाफ

एमालेमा 'नीति र नेतृत्वविरुद्ध बोले पत्तासाफ' भइन्छ भन्ने दृष्टान्त पुनः यो वर्षको अन्तिमा केही दिनअघि मात्र पुनः छर्लंग भयो। पूर्वउपाध्यक्ष भीम रावलमाथि वर्षाइएको कारबाहीको डण्डाले एमालेमा विरोधीलाई किनारा मात्रै लगाइँदैन, राजनीतिक जीवन नै समाप्त पार्ने कदम चाल्न पनि नेतृत्व पछि पर्दैन भन्ने कुराको पुनर्पुष्टि गऱ्यो।

१०औं राष्ट्रिय महाधिवेशनमा अध्यक्ष ओलीसँग सिङ्गौरी खेलेयता किनारामा धकेलिएका रावल अन्ततः पुस १० गते पार्टीबाट निष्काशिसित भए। विवादित व्यापारिक घरानाबाट अर्बौंको दान पार्टीले लिनु हुँदैन भन्नु नै उनका लागि एमालेबाट बिदाइ हुनुपर्ने प्रमुख कारण बन्यो। लाखौं मतदाता र नेता-कार्यता भएको एमाले जस्तो पार्टीले आफ्नै बलबुतामा पार्टी कार्यालय बनाउनुपर्ने मत राखेकै आधारमा स्थायी समिति सदस्य विन्दा पाण्डे र केन्द्रीय सदस्य उषाकिरण तिम्सिना पनि ६ महिने निलम्बनमा परे।

यही प्रकरणमा एमालेले गत ११ मंसिरमा पूर्वमन्त्री एवं प्रदेशसभा सदस्य दुर्गा चौधरीसहित केही नेतालाई पार्टी सदस्यबाट निलम्बन गरेको थियो भने अछाम, कञ्चनपुर र उदयपुरमा पनि रावल समर्थकलाई कारबाही गरेको थियो।

ओली-माधव सम्बन्धमा सुधार

प्रमुख राजनीतिक शत्रुका रूपमा एकअर्काविरुद्ध उत्रिँदै आएका दुई एमाले र एकीकृत समाजवादीबीचको सम्बन्धलाई यही वर्षले सुधारतर्फ अघि बढायो। गत आमनिर्वाचनपछि दोस्रोपटक एमाले-माओवादी गठबन्धन निर्माणसँगै पानी बाराबारको स्थितिमा रहेका एमाले अध्यक्ष केपी शर्मा ओली र एकीकृत समाजवादी अध्यक्ष माधव नेपालबीचको सम्बन्ध सुधारियो।

साढे दुई वर्षअघि एमालेबाटै विद्रोह गरेर माधव नेपालले एकीकृत समाजवादी बनाएयता ओली-माधवले तिखो प्रहार मात्रै होइन, कथंकदाचित् एउटै मञ्चमा भेटिँदासमेत एकअर्कालाई उपेक्षा गर्थे।

तर कांग्रेसबाट माओवादीलाई फुत्काएर २१ फागुन २०८० मा सत्ता सहयात्री बनेका अध्यक्ष ओलीले सोही दिन नै नेपाललाई टेलिफोन गरेर संवादको सुरुवात गरेका थिए। त्यसयता लामो समय एमालेमा सहयात्रा गरेका ओली-नेपालबीच पानी बाराबारको अवस्था भने छैन।


## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१


## आजको राशिफल

**मेष** आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन् । प्रेम जीवन सफल र सुखद् रहने

**वृष** आँटेको र ताकेको कार्य पुरा होला । प्रतियोगितात्मक क्रियाकलापमा विजय

**मिथुन** परिवारका सदस्यहरूसँग भेटघाट हुनेछ । आर्थिक लाभ हासिल हुन सक्ने देखिन्छ ।

**कर्कट** यात्रामा मालसामान हराउन सक्छ । कार्य सम्पादनमा समस्या आउला ।

**सिंह** साँझमा पैसा खर्च हुने योग छ । चोटपटकको भय छ सचेत रहनुहोला ।

**कन्या** रमणीय र सुखद यात्राको योग पनि छ । मन कमजोर रहने सक्छ ।

**तुला** आज आम्दानी प्रशस्तै बढ्नेछ । प्रेम र दाम्पत्य जीवन सुखमय हुनेछ ।

**वृश्चिक** आज न्यायिक कार्यमा सफलता मिल्नेछ । धार्मिक तथा समाज सेवामा मन लाग्नेछ।

**धनु** आज परीक्षा आदि प्रतिस्पर्धामा उत्तीर्ण हुन सकिनेछ । घर परिवारका सदस्यहरूबाट

**मकर** मनमा हर्ष, उमङ्ग र उत्साह रहला । रमाइलो यात्राको योग रहेको छ ।

**कुम्भ** आज एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । बन्धुबान्धवबाट सहयोग मिल्नेछ ।

**मिन** इच्छा र आकाङ्क्षा पूर्ण हुनेछ । शुभारम्भको चर्चा चल्नेछ ।

# गुनासोको कारोबार

• मिमबहादुर लामा

मिमबहादुर लामा

प्रतिदिन
PRATIDIN NATIONAL DAILY

वर्गीकृत विज्ञापन

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा



SERVICES
सम्पर्क:
9825952680
9816063266
9825952677
9804994595
सेफ्टी तथा ढल सफाइ गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
पहाडी क्षेत्रमा पनि सेवा उपलब्ध छ ।

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा



PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०


# बालमैत्री वातावरण बनाऔं

बालबालिकालाईः

- सजिलै खोलेर खान सक्ने पानीको बोतल र टिफिन बक्स दिऔं,
- विद्यालय जाँदा आउँदा छोड्ने र लिने स्थानको जानकारी गराऔं,
- खाने तरिका र अनावश्यक वस्तुहरु डस्टबिनमा फाल्न सिकाऔं,
- लगाउन र फुकाल्न सजिलो हुने लुगा एवं जुत्ता दिऔं,
- सहज शौचालयको व्यवस्था गरौं,
- अभिभावक वाहेक अन्यले लिन जाने भए विद्यालयलाई जानकारी दिऔं,
- अकस्मात केही पर्दा सम्पर्कका लागि कम्तीमा दुईवटा टेलिफोन नम्बर विद्यालयलाई उपलव्ध गराऔं,
- बालबालिकाले प्रयोग गर्ने सामानमा नाम लेख्ने गरौं,

नेपाल सरकार
विज्ञापन बोर्ड